**व्यक्तिगत विवरण सुरक्षित राखौं, साइबर अपराधबाट जोगिऔं**

कम्प्युटर, मोबाइल र इन्टरनेट प्रयोग गर्दा:

- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमितरूपमा परिवर्तन गरौं ।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शङ्कास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
- अपरिचित व्यक्तिले युजर नेम र पासवर्ड मागे नदिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर १० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 26 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ८६

## तीन स्थानमा ३८८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ९ मङ्सिर/

पर्सा र बारा जिल्लामा शनिवार तीन स्थानमा रक्तदान कार्यक्रम भएकामा १५ जना महिलासहित ३८८ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

महिला हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत शनिवार इलाका प्रहरी कार्यालय, पटेर्वासुगालीले आयोजना गरेको रक्तदान कार्यक्रममा १२ जना महिलासहित तीन सयजनाले रक्तदान गरेका प्राविधिक प्रमुख पाण्डेले बताए । ग्रामीण क्षेत्रमा देशमैं सबैभन्दा बढी रक्तदान भएको प्राविधिक प्रमुख पाण्डेले दाबी गरेका छन् । पर्साका ग्रामीण क्षेत्रमा रक्तदान कार्यक्रम हुँदै आए पनि थोरै सहभागिता हुने गरेकामा शनिवार देशभरिकै ग्रामीण क्षेत्रको रेकर्ड तोडिएको उनले बताए । इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीको अगुवाइमा भएको रक्तदान कार्यक्रममा अम्बिका चौधरी, राजु यादव, नागज्योति कुमारी, राजकुमार चौधरी, कृशल गुप्ता, अशेश्वर सहनी, दीपेन्द्र पासवान, रिङ्कु कुमारी, ठगमहतो थारू, अमरेन्द्र गिरी, विद्याज्योति कुमारी, रूपा राय, दिव्या दास, राजेश राउत, जीतेन्द्र यादव, लखन रामलगायतले रक्तदान गरेका थिए ।

यसैगरी, वीरगंजमा रोटरी क्लब अफ वीरगंजले आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित ३५ जनाले रक्तदान गरेका थिए भने जीतपुरसिमरा उपमहानगरपालिका-८ लोहसण्डामा आयोजित रक्तदान कार्यक्रममा ५३ जनाले रक्तदान गरेका केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए । लोहसण्डामा घनश्याम चौधरी, नरेश चौधरी, गङ्गा पटेल, सञ्जीत पासवान, सुरज साह, अङ्गत सहनी, रामायण सहनीलगायतले रक्तदान गरेका थिए ।



पटेर्वासुगालीमा आयोजित रक्तदान कार्यक्रममा सहभागीहरू । तस्वीरः प्रतीक

## भ्रष्टाचारीलाई लखेट्न रबि लामिछानेको सुझाव

प्रस, निजगढ, ९ मङ्सिर/

आफ्नो पार्टीको मुख्य एजेन्डा भ्रष्टाचारीलाई कारबाही गरी देशमा सुशासन र विकास गर्ने रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रबि लामिछानेले बताएका छन् ।

मधेस प्रदेश भ्रमणका क्रममा बाराको निजगढमा हिजो आयोजित सभामा उनले दशकौंसम्म नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायतका ठूला राजनीतिक दलका जिम्मेवार नेताहरूले व्यापक भ्रष्टाचार गरेकै कारण देश अहिले आर्थिक मन्दीबाट गुज्रिन बाध्य भएको आरोप लगाए । अध्यक्ष लामिछानेले प्रत्येक घरबाट युवा शक्ति नचाहेरै पनि विदेशिन विवश भएको र यसको जिम्मेवार ठूला दलहरू भएको आरोप पनि लगाए ।

हरेक काममा नीतिगत भ्रष्टाचार हुने गरेकाले यसलाई जरैबाट उखेलेर नफालेसम्म देशले सही गन्तव्य पहिल्याउन नसक्ने र आम जनताले सुख र खुशीको सास फेर्न नपाउने उनले बताए ।

मङ्सिर ७ गतेबाट जनविद्रोहका नामले काठमाडौंमा दुर्गा प्रसाईंले शुरू गरेको विद्रोह आफ्नै किसिमको होला तर काठमाडौं आएका सर्वसाधारणलाई प्रहरीले पक्राउ गर्दा सरकारप्रति आफूलाई लज्जाबोध भएको उनले टिप्पणी गरे । उनले आम नागरिकलाई सुरक्षा दिने काम राज्यको भएको बताउँदै ठूला दलहरूले सही ढङ्गले देश चलाएका भए आज विरोधका स्वरहरू गुञ्जने अवस्था नआउने दाबी पनि गरे । गलती गर्नेहरूले डराएर विरोधका स्वरहरू दबाउने प्रयास गरेको भन्दै पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, शेरबहादुर देउवाले फेरि पनि भागबण्डामा शासनसत्ता चलाउने हो भने देश र जनता बर्बादीतर्फ धकेलिने उनले ठोकुवा गरे । सरकारका कतिपय नीतिनियमप्रति आफ्नो दलको विमति रहेको उनले बताए । उनले भ्रष्टाचारीहरूलाई कारबाही गरी देश र विदेशमा आफन्तका नाममा राखेका अकुत सम्पत्ति राज्यले जफत गरी देश विकासको काममा लगाउन सक्ने आधारहरू रहेको बताए ।

कृषि उत्पादन र बजारीकरणमा सरकारले ध्यान नदिंदा स्वदेशमा उत्पादित दूध, तरकारी, फलफूल सडकमा नै फाल्नुपर्ने अवस्था किसानहरूलाई आएको उनले बताए । यहाँ नेताहरूलाई देश र जनताको चिन्ताभन्दा पनि आगामी सात पुस्तासम्मको बढी चिन्ता भएकाले डरलाग्दोरूपमा भ्रष्टाचार बढिरहेकोले देश बर्बादीतर्फ गएको उनको जिकिर थियो । काण्डैकाण्डमा ठूला दलका नेताहरूले अकुत सम्पत्ति आर्जन गर्दै उद्योग-व्यवसायमा लगानी गरेको उनले आरोप लगाए ।

संसद्मा आफ्नो दलका प्रतिनिधिहरूले देश र जनताको पक्षमा जोडदार आवाज उठाइरहेको उनले बताए । कार्यक्रममा रास्वपाका सांसद डिपी अर्याल, मनीष झा, रमेश खरेल, चन्दन स्वर्णकार, अशोक चौधरी, अनिलकेशरी शाह, तपेश्वर यादव, ममता शर्मा, नेत्र कार्कीलगायतले मन्तव्य राखेका थिए । निजगढ नगर कमिटी अध्यक्ष रामहरि खरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन दीपक खड्काले गरेका थिए ।

*प्रस, रौतहट/*

यसैगरी, रौतहटको गौर राइस मिलमा शनिवार आयोजित कार्यक्रममा अध्यक्ष लामिछानेले मधेसी जनताको आकाङ्क्षा पूरा गर्न नसक्ने नेताहरूलाई मधेसले पालिरहेको आरोप लगाए । उनले विभिन्न कालखण्डमा मधेसका जनताले इतिहास कायम गरे पनि सोको उपलब्धि नेताहरूले मात्र पाउँदै आएको बताए । मधेसप्रति इमानदार नभएका नेताहरू चुनावमा जितेर गए पनि बाढी आउँदा मधेसको जनतालाई बिर्सेको उनले आरोप लगाए । रास्वपा मधेसप्रति वफादार छैन भन्ने आरोप लागिरहँदा आरती साहलाई न्याय दिलाउन रोस्टममा आफूले आवाज उठाएको दाबी गरे । मधेस आन्दोलनमा शहीद भएकाहरूको सपना पूरा हुन नसक्नु दुर्भाग्यपूर्ण भएको उनले टिप्पणी गरे । उनले रास्वपा जनतालाई अगाडि राखेर आन्दोलन गर्ने दल नभएको भन्दै दलका नेतालाई अगाडि राखेर आन्दोलन गर्ने दल भएको दाबी गरे । उनले न्यायका लागि कसैले शहीद तथा घाइते हुनुपर्दैन, निर्वाचनमा मत दिए मात्र पुग्ने बताए ।



निजगढमा आयोजित जनसभामा अध्यक्ष लामिछाने र स्थानीयवासी ।





गौरमा आयोजित जनसभामा अध्यक्ष लामिछाने ।

## लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

प्रस, निजगढ, ९ मङ्सिर/

'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' नाराका साथ लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान शनिवारदेखि निजगढमा शुरू भएको छ । विभिन्न खाले लैङ्गिक हिंसाको अन्त्य भई नगर सुरक्षित, शान्त, भयरहित रहोस् भन्ने कार्यक्रमको उद्देश्य रहेको निजगढ नगरपालिका प्रमुख सुरथ पुरीले बताए । उनले बोली, व्यवहार, आचरणले पनि समाजमा हिंसामा पर्नेहरू रहेका भन्दै खुलेर बाहिर नआएका घटनाहरू धेरै हुन सक्ने भएकाले सबैले मिलेर न्यूनीकरण गर्नुपर्ने बताए ।

प्रत्येक वर्ष अभियानका रूपमा गरिने कार्यक्रमलाई सफल बनाउन सबैले आआफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने, कोही पनि लैङ्गिक हिंसाबाट पीडित हुन नपरोस्, यदि यस्ता खाले हिंसाबाट कोही पीडित छन् भने सामाजिक र कानूनी उपचारबाट दण्डित गरी न्यूनीकरण गर्न सकिने उपप्रमुख सोममाया थिङले बताइन् ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राजमणि निरौला, समाजसेवी सुदर्शन कोइराला, अञ्जु नेपाली, चन्द्रिका पुलामीलगायतले मन्तव्य राखेका थिए ।

निजगढ नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको आयोजनामा भएको कार्यक्रमको सहजीकरण रोजी श्रेष्ठले गरेकी थिइन् ।





लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत नगरप्रमुख पुरी र उपप्रमुख थिङ ।

## बाराका डिएफओ विनोद सिंह सम्मानित

प्रस, निजगढ, ९ मङ्सिर/

डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंह राष्ट्रिय सम्मानबाट सम्मानित भएका छन । डिएफओ सिंहले वन क्षेत्रको संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान पुर्‍याएको जनाउँदै नेपाल वन प्राविधिक सङ्घको ४९औं स्थापना दिवसको अवसरमा शनिवार काठमाडौंमा आयोजित कार्यक्रममा उपराष्ट्रपति रामसहाय यादवले उक्त राष्ट्रिय सम्मान डिएफओ सिंहलाई प्रदान गरेका थिए ।

डिएफओ सिंह वन क्षेत्रको संरक्षण र व्यवस्थापनमा अग्रसर छन् । उनले देशका विभिन्न जिल्लाहरूमा डिभिजनल वन अधिकृतको भूमिका निर्वाह गरेका छन् । डिएफओ सिंह रौतहटमा रहँदा वन क्षेत्रको अतिक्रमित १२२ बिघा जमीन पुनः वन क्षेत्रमा फर्काउन सफल भएका थिए । गत आव २०७९/८० मा बारामा अतिक्रमित करीब १०५ बिघा जमीन वन क्षेत्रमा फर्काइ तारबारसहित वृक्षारोपण गरी संरक्षण गरिएको थियो ।



डिएफओ विनोद सिंह

## लाठ, राम र पौडेलसहित सम्मानित

प्रस, वीरगंज, ९ मङ्सिर/

पर्सा मिलन केन्द्र, काठमाडौंले कथाकार गणेश लाठ, रक्तसञ्चार केन्द्र, वीरगंजका पूर्वप्रमुख प्रवीण मानन्धर, दलित सामाजिक अभियन्ता तथा पिस फर दलित्स फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साका अध्यक्ष मनोज राम, पत्रकार मनीष पौडेल, नेपाल रेडक्रस सोसाइटी पर्साका कर्मचारी राजन श्रीवास्तवलगायतलाई सम्मान गरेको छ ।

२३औं पर्सा दिवसको अवसरमा केन्द्रले ललितपुरमा आयोजना गरेको कार्यक्रममा उपराष्ट्रपति रामसहाय यादव र मन्त्री रमेश रिजालले कथा साहित्यतर्फ गणेश लाठ, सामाजिक सेवातर्फ प्रवीण मानन्धर, राजन श्रीवास्तव, सामाजिक रूपान्तरण, सेवा तथा शिक्षा क्षेत्रमा मनोज राम, डिजिटल सञ्चारमाध्यमतर्फ पत्रकार मनीष पौडेल, शिक्षा अन्तर्गत त्रिभुवन विश्वविद्यालय वनस्पतिशास्त्रका पूर्वप्राध्यापक डा रामदेश तिवारी, स्वास्थ्यमा स्त्रीरोग विशेषज्ञ डा अचला वैद्य, कलामा भोजपुरीका लोक कलाकार सलिम मियाँ, साहित्यतर्फ दिनेश गुप्ता, उद्यमतर्फ ताराचन्द्र केडिया, सञ्चारतर्फ ध्रुवकुमार साह तेली, व्यवसायतर्फ उर्मिला श्रेष्ठ प्रधानसहित १० विद्यामा योगदान पुर्‍याएका पर्सेलीलाई सम्मान गरेका थिए ।

कार्यक्रम केन्द्रका अध्यक्ष उमेश गुप्ता रौनियारको अध्यक्षतामा भएको थियो भने स्वागत महासचिव ललनप्रसाद साह र सहजीकरण प्रतिमा चौधरीले गरेका थिए ।





उपराष्ट्रपति यादवबाट सम्मान ग्रहण गर्दै कथाकार लाठ । तस्वीरः सौजन्य

## विचारसार र सूक्तिहरु

**राम्रो समय कहिल्यै आउँदैन बरु समयलाई नै राम्रो बनाउन सक्नुपर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# उत्कृष्ट र पवित्रतम् भावना हो प्रेम

मानवजीवनका अनेक अनुभूतिलाई विभिन्न माध्यमबाट र तार्किकरूपले बुझ्न र बुझाउने प्रयास हाम्रो समाजमा भइरहन्छ र यी अनुभूतिमा जुन अनुभूतिलाई सबैभन्दा बढी परिभाषित गर्ने प्रयास गरिएको छ, त्यो हो– प्रेम । अनुभूतिहरूको यथार्थ अभिव्यक्ति हुन सकोस्, त्यसलाई परिभाषा र शब्दको तर्कजाल आदिमा बाध्न सकौं, यो पूर्णरूपले सम्भव छैन तर पनि यसको लागि पूरै प्रयास गरिन्छ। जसरी मीठो, टर्रो, अमिलो, पिरो, तीतो स्वादको यथार्थ अनुभव त्यसलाई चाखेर मात्र गर्न सकिन्छ, त्यसै प्रकार प्रेमको स्वादको यथार्थ अनुभव त्यसलाई अनुभव गरेर मात्र गर्न सकिन्छ ।

प्रेम कस्तो हुन्छ ? त्यसको अनुभूति कस्तो हुन्छ ? यसलाई मान्छेले राम्ररी जान्ने प्रयास गर्छन्, त्यसलाई पाउने प्रयास पनि गर्छन्। प्रेम मनुष्यको सबै भावनामध्ये सबैभन्दा उत्कृष्ट र पवित्रतम भावना हो । 'प्रेम' शब्द नै यस्तो हो, जसलाई सुन्दा, अनुभव गर्दा वा अभिव्यक्त गर्दा व्यक्तिको मनमा मधुर भाव उम्रिन थाल्छ र साथै यसको कारण एक विशेष प्रकारको अनुभूतिको आभास हुन थाल्छ र मनमा कल्पनाको संसार पनि सजाउन थाल्छ र लहरसरह मनमा विचारको आवेग सलबलाउन थाल्छ, तर के यस प्रेमको व्याख्या गर्न सकिन्छ ? सकिंदैन, किनभने प्रेममा यति गहिराइ छ कि त्यसको थाहलाई समात्न असम्भव छ, यसैले प्रेमको अनन्त र अनेक परिभाषा र अभिव्यक्ति मानिसले फरक–फरक दिएका छन् तर पनि लाग्छ कि यसमा अहिले पनि केही बाँकी छ ।

प्रेमको वास्तविक परिभाषालाई बुझ्न र बुझाउनमा कहिलेकाहीं व्यक्तिको सम्पूर्ण जीवन नै बित्छ, तर पनि ऊ कुनै निष्कर्षमा पुग्न सक्दैन; किनभने न त कुनै निश्चित रूप छ, न स्वरूप । यो मात्र मनुष्यको विचार, भावना र हृदयको गहिराइमा रचेर बसेको छ, जुन कहिल्यै पनि, कतै पनि कुनै पनि माध्यमबाट परिलक्षित हुन्छ । वास्तवमा प्रेम गर्नु सबै प्राणी र जीवजन्तुको स्वभावमा जन्मजातदेखि नै हुन्छ, जुन अभिव्यक्तिको तरीका सबैमा भिन्दाभिन्दै हुन्छ। मनुष्यमा यो प्रवृत्ति सर्वाधिक विकसित छ; किनभने ऊ सोचबुझको शक्तिको अलावा वाक्शक्ति र शारीरिक अभिव्यक्तिद्वारा पनि आफ्नो प्रेमलाई व्यक्त गर्ने क्षमता राख्छ । यो क्षमता अन्य जीवजन्तुमा हुँदैन ।

मनुष्य जीवनमा प्रेमको भिन्दाभिन्दै रूप समाहित छ । मनुष्य आफ्नो बाल्यावस्थामा आफ्नो मातापिता र भाइबहिनीसँग सबैभन्दा बढी प्रेम गर्छ, त्यसपछि जब ऊ ठूलो हुँदै जान्छ, उसको प्रेमको परिधि पनि विस्तार हुन थाल्छ र त्यसपछि उसको प्रेमको परिधिमा सम्पूर्ण परिवार, प्रियजन, मित्रजन, समाज र राष्ट्र समावेश हुन थाल्छ । जति व्यक्तिको मन र हृदय ग्रन्थिमुक्त र विशाल हुन्छ, उत्तिकै पवित्र प्रेम उसको मनमा परम व्यापकताको साथ बस्छ ।

मातापितासँग गरिएको प्रेम जन्मजात र रक्त सम्बन्धित हुन्छ, जुन आजन्म निर्वाह गर्नुपर्ने र नचुँडिने हुन्छ, यसमा निस्स्वार्थ प्रेमको भावना, आशा र विश्वास पनि निहित रहन्छ । भाइबहिनीसँग गरिएको प्रेम–स्नेहको डोरीले बाँधिएको हुन्छ, जुन आपसी कर्तव्यबोधलाई निर्वाह गर्नुका साथै व्यक्तिको सुख–दु:खमा साथ निभाउने भाव र अपनत्व लिएको हुन्छ । यस प्रकार दुई अनजान व्यक्तिको प्रेम पति–पत्नीको सम्बन्धको रूपमा हुन्छ । जुन माया, विश्वास, समर्पण र सामञ्जस्यको धरामा टिकेको हुन्छ । यसको अलावा समाज र राष्ट्रसँग प्रेम–सामाजिक संरचनासँग तालमेल बसाउन, जीवनयापनको आवश्यकता पूर्तिको लागि तथा समाज र राष्ट्रको हितको लागि आवश्यक पाइला चाल्न हेतु पनि हुन्छ ।

**यस प्रकार प्रेम हाम्रो जीवनका सबै अनुभूतिको केन्द्रबिन्दु हो । जहाँ प्रेम छ, त्यहाँ श्रद्धा छ, त्यही मित्रता छ, समर्पण छ, सेवा र विश्वास छ । प्रेम जीवनको रस हो, यसको अभावमा व्यक्तिको जीवन नीरस हुन्छ, यसैले प्रेमबाट सिञ्चित हृदयमा नै सच्चा मानवताको बास हुन्छ ।**

यी सबैभन्दा माथि ईश्वरीय प्रेम हुन्छ। ईश्वर देखिंदैन तर उसद्वारा निर्मित यस सृष्टिलाई देख्न सकिन्छ । जो यस सृष्टिको कण–कणमा विद्यमान छन्, तर मूर्तिमान छैनन् । त्यस ईश्वरसँग प्रेम गर्नु सजिलो नभए पनि गाऱ्हो पनि छैन। जब व्यक्तिको भावना परम व्यापक बन्न थाल्छ, परिष्कृत हुन्छ, पवित्र हुन्छ, तब मात्र ऊ ईश्वरसँग यथार्थमा जोडिन सक्छ र उसले ईश्वरसँग प्रेम गर्न पाउँछ, अनुभव गर्न पाउँछ। मानवले ईश्वरसँग प्रेम गर्दा ईश्वरलाई अगाध श्रद्धा र शक्तिबाट परिपूर्ण गरिदिन्छ । जसरी मीराको कृष्ण प्रेम र उसको भक्ति । सूरदासको कृष्ण प्रेम, तुलसीदासको हनुमानप्रति प्रेम र भक्ति, रामसीताको प्रति प्रेम र भक्ति। सन्त नामदेव, सन्त एकनाथ, सन्त तुकाराम, चैतन्य महाप्रभु आदिको प्रेम र भक्ति अविरल थियो । आफ्नो यस प्रेम र भक्तिलाई अभिव्यक्त गर्नमा उनीहरूको भित्रबाट काव्य प्रवाहित भएको थियो । उनीहरू नाच्न थाले, गाउन थाले, रोएर पनि भगवान्लाई पुकार्न थाले र उसको पुकारबाट भगवान् पनि द्रवित भए र भगवान्लाई आफ्नो अनुराग र अनुग्रहबाट सरोबर गरिदिए ।

प्रेममा संवेदना हुन्छ, अत्यधिक ऊर्जा हुन्छ र यो ऊर्जाले हाम्रो बुद्धिमाथि पर्दा लगाउँछ तर यदि विवेकको प्रयोग भयो भने प्रेममा होश नगुमाईकन पनि यस ऊर्जालाई रूपान्तरण गरेर यसलाई कतै पनि प्रयुक्त गर्न सकिन्छ । ध्यान, यसै प्रेमको आध्यात्मिक रूपान्तरण हो। यस जगत्मा सर्वाधिक मूल्यवान् प्रेम हो । प्रेम यदि पाइन्छ भने मानौं परमात्मा नै पायौं। जसले प्रेमलाई बुझेन, उसले प्रार्थना पनि गर्न सक्दैन ।

प्रेम सिर्जनात्मकताको शिखर हो र यस पारबाट त्यस पारलाई जोड्ने सेतु हो। प्रेमले जोड्छ– शरीरलाई आत्मासँग, शब्दलाई शून्यसँग। यदि हृदयमा प्रेम छ भने हामीलाई सम्पूर्ण दुनियाँ फुलेको फूलसरह गम्किन्छ । जसले प्रेमको यस ऊर्जालाई रूपान्तरित गरेको छ, उसले भक्तिको स्वाद पनि चाखेको छ र परमात्माको सान्निध्यलाई अनुभव गरेको हुन्छ ।

प्रेममा त्यो शक्ति छ, जुन सूक्ष्म वातावरणलाई शुद्ध गर्न सक्छ, परिष्कृत गर्न सक्छ। यस्तो स्थान जहाँ कुनै प्रेमीले आफ्नो सम्पूर्ण जीवन ईश्वरको प्रतीक्षामा व्यतीत गरेको छ, त्यो स्थान एक प्रकारले तीर्थस्थलको रूपमा परिवर्तित हुन पुग्छ। जो व्यक्ति वास्तवमा प्रेमले भरिएको हुन्छ, उसको मात्र उपस्थितिले पनि मानिसलाई आनन्दित गर्छ। जब ईश्वरको प्रेमले भरिएको भक्तले कुनै कार्य गर्छ, तब त्यो कार्य मूल्यवान् हुन पुग्छ ।

यस प्रकार प्रेम हाम्रो जीवनका सबै अनुभूतिको केन्द्रबिन्दु हो । जहाँ प्रेम छ, त्यहाँ श्रद्धा छ, त्यही मित्रता छ, समर्पण छ, सेवा र विश्वास छ। प्रेम जीवनको रस हो, यसको अभावमा व्यक्तिको जीवन नीरस हुन्छ, यसैले प्रेमबाट सिञ्चित हृदयमा नै सच्चा मानवताको बास हुन्छ।

# किन हुन्छ व्यवस्थाविरुद्ध विद्रोह ?


समयान्तर



ओमप्रकाश खनाल

omkhanal@gmail.com


**जनता आजसम्म 'यसले पो केही गर्छ कि ?' भन्ने आसैआसमा प्रयोग भइआएको छ । अहिले भइरहेको पनि त्यही हो । स्पष्ट छ, अग्रगमनको विकल्प प्रतिगमन होइन, तर आफूलाई अग्रगमनको ठेकेदार ठान्नेहरूले आचरण नसुधार्ने हो भने यसै भन्न सकिन्न ।**

व्यवसायी दुर्गा प्रसाईंको 'राष्ट्र बचाउ अभियान'ले सत्तादेखि प्रतिपक्षको टाउको दुखाएको छ । दुर्गा प्रसाईं एक व्यक्तिले यो अभियान किन चलाइराखेका छन् ? उनको अभियानका पछाडि कुन अदृश्य शक्तिको साथ सहयोग छ ? उनी कहाँबाट किन परिचालित छन् वा स्वस्फूर्त हो ? यी सबै अनुमानका विषय हुन्। यतिसम्म सत्य हो कि एक समय अहिलेको सत्ता सञ्चालक (नेकपा माओवादी केन्द्र) र प्रतिपक्ष (नेकपा एमाले) दुवैका शीर्षस्थ नेतासँग खास सम्बन्ध बनाएका प्रसाईं ती नेताबाट आफ्नो व्यावसायिक स्वार्थ पूरा नभएपछि रुष्ट छन् । अहिले सत्तापक्षभन्दा प्रतिपक्ष एमालेका अध्यक्ष केपी ओलीप्रति बढी आक्रामक देखिएका प्रसाईंको यो अभियान अहिलेका लागि 'देश र जनता'को आवरणमा आआफ्नो स्वार्थ पूरा नहुनुको बदला लिने उपाय हो भन्ने बुझाइ नै बढी छ ।

आन्दोलनको अन्तर्य जे भएपनि एउटा व्यक्तिको रूपमा दुर्गा प्रसाईंले आह्वान गरेको आन्दोलनमा जनताको सहभागिता अहिले कथित मूलधार भनिएको राजनीतिले जनताको पक्षमा काम गर्न नसक्नुकै परिणाम हो भनेर बुझ्न चाहिं किन्तुपरन्तु आवश्यक पर्दैन। हामीले इतिहासतिर फर्केर हेर्‍यौं भने प्रत्येक दशकको अन्तरालमा हामीकहाँ राजनीतिक उथलपुथल भएको देखिन्छ। राजनीतिकरूपमा यो अस्थिरता हामीले भोग्दै आएको अविकासको परिणाम हो। राजनीतिक स्थायित्व पहिला कि आर्थिक स्थायित्व ? यो प्रश्नको सीधा जवाफ दिन कठिन हुन्छ । वास्तवमा यी दुवै सरोकार एकअर्काका पूरक हुन् । जुन समाजमा आर्थिक सरोकार सबल हुँदैनन्, जहाँका बासिन्दा अभाव र पछौटेपनको पीडाबाट सताइएका हुन्छन्, त्यहाँ राजनीतिक स्थायित्वको अपेक्षा गलत हुन्छ । अर्कातिर, जहाँ राजनीतिक अस्थिरता हुन्छ, राजनीति तरल र तदर्थवादमा चलेको हुन्छ, त्यहाँ आर्थिक समृद्धिको कल्पना पूरा हुन सक्दैन । यो कुखुरा पहिला कि अन्डा ? भनेजस्तै हो।

राजनीति र आर्थिक स्थायित्व एकअर्काका पूरक हुन् । राजनीति सही ढङ्गले अघि बढ्नका लागि आर्थिक पक्ष बलियो हुनुपर्छ । मानौं, अहिले देशमा आर्थिक सङ्कट हुँदैन थियो। देशमैं पर्याप्त रोजगार, आयआर्जन, उद्योग–व्यापार, कृषि, पर्यटन सबैतिर उन्नत दिनचर्या हुन्थ्यो भने को किन केका लागि दुर्गा प्रसाईंको पछाडि दौडिन्थे ? प्रसाईंका अराजक र साम्प्रदायिक अभिव्यक्तिमा होमा हो मिलाएर किन कोही आफ्नो समय बिताउँथे ? न सत्ता सञ्चालक र मुख्य भनिएको राजनीति प्रसाईंजस्ता पात्रबाट तर्सिनु नै पर्ने थियो। आज सिङ्गो देशमा प्रसाईंको चर्चा किन छ ? आज सत्ता सञ्चालकदेखि प्रतिपक्ष किन प्रसाईंलाई रोक्न लाग्नुपरेको छ ? सत्तामा हालीमुहाली गर्नेहरूले जनताका अत्यावश्यकीय आवश्यकतालाई समेत सहज गर्न नसक्नु यसको कारण हो । देश आर्थिक विकासको बाटोमा अघि बढ्न राजनीतिकरूपमा देश शान्त हुनुपर्छ। सत्तामा बस्नेहरूले कुनै पनि कारणले आफ्नो कुर्सी असुरक्षित देखिराख्ने र त्यही जोगाउने तिकडममा मात्र तल्लीन हुँदा विकासको एजेन्डा पूरा पछाडि छुटेको छ । यो अवस्था नै दलहरूप्रति नागरिकमा व्याप्त वितृष्णाको कारण हो ।

यो सत्यलाई नेतृत्वले नबुझेको चाहिं होइन। प्रजातन्त्रलाई राजनीतिको उन्नत व्यवस्था ठानिन्छ । २००७ सालमा प्रजातन्त्र आएपछिका राजनीतिक घटनाक्रमका कारण स्मरण गरौं, २००७ सालको राजनीतिक परिवर्तन २०१७ सालमा तत्कालीन सत्तासीन नेपाली काङ्ग्रेसको आन्तरिक विग्रहका कारण उल्टियो। सत्ताले जनताको हितलाई केन्द्र भागमा राख्न सकेन। काङ्ग्रेस आन्तरिक कलह र तानातानमा अल्मलिएपछि राजा महेन्द्रले यसैलाई कारण देखाएर प्रजातन्त्र खाइदिए । उनले ल्याएको पञ्चायत ३० वर्ष चल्यो । तर त्यसले पनि जनताको अपेक्षालाई सम्बोधन गर्न सकेन। २०३६, २०४१ हुँदै पटकपटकका प्रयासले २०४६ को राजनीतिक परिवर्तन सम्भव भयो। बहुदलीय व्यवस्था बामे सर्दानसर्दै २०५२ मा माओवादीले हिंसात्मक राजनीतिक शुरू गऱ्यो। १० वर्षसम्म देशलाई हिंसाको आगोमा होमेर सत्तामा आएको माओवादीभित्रको व्यक्तिवाद, परिवारवाद र धनवाद अब उदाङ्गो हुन बाँकी छैन। एक समय थियो, प्रचण्ड र बाबुरामलाई जोगाउन उनका कार्यकर्ताहरू आफ्नो ज्यान फाल्थे, उनीहरूलाई एक झल्को हेर्न मनिसहरू व्यग्र हुन्थे । आज तिनै कार्यकर्ताले उनीहरूलाई झापड कस्छन् । 'जनताको मुक्ति'का लागि युद्ध चलाएका बेला आफ्ना कार्यकर्ताको बीच हुने उनीहरू अहिले सुरक्षा घेराबाहिर एक क्षण पनि रहन सक्ने अवस्था किन छैन ? स्पष्ट छ, जनतालाई उनीहरूले राजनीतिक अभीष्टपूर्तिका हतियार मात्र बनाए । मधेस, पहाड, जातजाति, धर्म, समुदाय इत्यादिलाई राजनीतिक नारा बनाएर अघि बढेकाहरू राजनीतिकरूपमा अगाडि बढ्ने बित्तिकै प्रतिबद्धताबाट पछि हटे । उनीहरूको प्राथमिकतामा पद र पैसा मात्रै परेका दृश्यावलीहरूले प्रमाणित गरेकै छन् ।

एउटा चुनावमा एक नम्बरमा पुगेको दल अर्को चुनावमा तीन नम्बरमा झरेको हामीले देखेका छौं। सत्तामा जाने बित्तिकै राजनीतिको लोकप्रियताको ग्राफ स्वाट्टै तल ओर्लिनु भनेको त्यो राजनीतिले जनताका अपेक्षा पूरा गर्न नसक्नु नै हो। अहिलेसम्मका औसत चुनावी अभ्यास हेर्ने हो भने जनताले काङ्ग्रेस, एमाले र माओवादीमध्ये एउटाको असन्तुष्टि अर्कोलाई मत दिएर पोख्दै आयो । जनतासँग छनोटको विकल्प थिएन । पछिल्लो जनमतमा स्वतन्त्र व्यक्ति वा स्वतन्त्र नामधारीहरूप्रति जनताको रुझान किन देखियो ? ती व्यक्ति वा दल उत्पातै मन परेर वा तिनका राजनीतिक एजेन्डा मनन् गरेर मत दिएका होइनन्। आफूलाई ठूला र मूलधारका भन्न रुचाउने राजनीतिले जनहितका काममा सिन्को नभाँच्ने, तर परिवार र आसेपासेलाई पुस्तौं पुग्ने अकुत सम्पत्ति जोहो गर्ने प्रवृत्तिविरुद्धको असन्तुष्टि त्यहाँ गएर पोखिएको मात्रै हो । अकुत आर्जनको प्रमाण फेला पार्नै कठिन छ, तर सत्तामा पुग्ने र त्यसको आसपास फन्को लगाउनेहरूको बदलिंदो भव्य जीवनशैली यसको भेउ पाउन पर्याप्त छ। यसो त सत्ताको डाडु–पनिउँ समातेकाहरू घूसखोरीको आरोपमा समातिएका र कतिपय प्रमाणित नै भएर सजाय काटिसकेका प्रमाण पनि पर्याप्तै फेला पार्न सकिन्छ ।

देश र जनताको मुहार बदल्ने नाममा जनतालाई बारम्बार झुक्याउने, तर नेताको आर्थिक हैसियत मात्र बदलिने अवस्था रहेसम्म जनता प्रसाईंजस्ता चतुरहरूका औजार बनिरहन्छ । प्रसाईं चर्चामा आएका पछिल्ला पात्र मात्र हुन्। कुनै बेला काङ्ग्रेस, कुनै बेला वामपन्थी, माओवादी, मधेसवादी अनेक वादीहरूले जनतालाई झुक्याइराखेका छन्। धेरै टाढा नजाऔं, २०४६ सालमा बहुदल आएपछि देशमा विकासको मूल फुट्छ भनियो, तर २०५२ सालमैं माओवादीले गरीबी र असमानतालाई हतियार बनाएर १० वर्षसम्म मर्न र मार्न उक्सायो ।

राजतन्त्र फालेपछि देशमा विकासको लहर आउँछ भनियो। सङ्घीयता, धर्मको नाममा हुने भेदभाव अन्त्यका लागि भनेर धर्मनिरपेक्षता ल्याइयो । आज धर्म र समुदायका नाममा अशान्तिका घटना भइराखेका छन्। सरकार नामको संयन्त्र आफ्नो असफलता लुकाउन सामाजिक सञ्जाललाई रोक लगाउँछ। जनतालाई देखाएको आर्थिक समृद्धि र त्यसको प्रत्याभूति आउन सकेन ।

मुक्तिका नाममा हजारौंको बलिदानी केवल व्यवस्था परिवर्तनका लागि मात्र भयो, त्यसले अवस्था बदल्न सकेन। एउटा राजा फालियो, तर टोलैपिच्छे नवराजाहरू स्थापित भए । उनीहरूको सुविधाभोगका लागि आज कर्जा काड्ने अवस्था छ। जसले जनतालाई परिवर्तनको आस देखायो/सङ्घर्षमा होम्यो। हजारौं नेपालीले ज्यान फाले, कति बेसहारा बने, कति अनाथ। आज तिनै नेता पाल्न तिनै जनताले ऋणको भारी थप्दै जाने अवस्था छ ।

देशमा रोजगार छैन, आम्दानी सुकेको छ। महँगीले आम दैनिकी सकसमा अत्तालिंदा सीमित सत्तासीन र तिनको निकट टाँसिएकाहरूलाई यो आम कष्टको अनुमान पनि नभएको भान हुन्छ। युवा विदेशमा छ, व्यापक असन्तोष छ । यस्तोमा फेरि पनि जनता स्टन्टको पछि लागेको छ। हिजो पनि लागेकै थियो।

जनताको गुनासो व्यवस्थासँग हुँदै होइन, व्यवस्था हाँक्नेहरूको प्रवृत्तिप्रति हो । व्यवस्था जोगाउने जिम्मा लिएकाहरूको चश्माले यसलाई षड्यन्त्रबाहेक अरू केही देख्दैन । आम जनताले धेरै कुरा के चाहेको छ ? स्वास्थ्य, शिक्षा, रोजगारजस्ता आधारभूत आवश्यकता मात्रै पूरा भए जनता किन विद्रोही बन्छ ? बन्दैन। देश चलाउनेहरू आफ्नो र आफ्नाको स्वार्थका लागि नियम कानून नै फेर्न पछि नपर्ने, जनताका आधारभूत खाँचो पूर्तिमा निरन्तर गैरजिम्मेवार बन्ने हो भने जनता यसैगरी अनेक आवरणका प्रयोगका औजार बनिरहनेछ ।

दलहरूले जनताका असन्तोषलाई सम्बोधन गर्नुको सट्टा षड्यन्त्रको संज्ञा मात्रै दिने हो भने व्यवस्थामाथि प्रश्न झन् पेचिलो बन्दैछ। राजा असल भएर होइन, जनतालाई समृद्धिको ललिपप देखाएर राजा फालेर सत्तामा पुगेकाहरू लम्पट हुँदा 'बरु राजै ठीक' भन्न थालिएको हो। असन्तुष्टिको यही उत्कर्षलाई आआफ्नो रोटी सेक्न अनेक पात्रहरू अनेकन आवरणमा 'मुक्तिदाता'को रूपमा अवतरण भइराखेका छन् । जनता आजसम्म 'यसले पो केही गर्छ कि ?' भन्ने आसैआसमा प्रयोग भइआएको छ। अहिले भइरहेको पनि त्यही हो । स्पष्ट छ, अग्रगमनको विकल्प प्रतिगमन होइन, तर आफूलाई अग्रगमनको ठेकेदार ठान्नेहरूले आचरण नसुधार्ने हो भने यसै भन्न सकिन्न ।

# लैङ्गिक हिंसामध्ये ८० प्रतिशत घरेलु

काठमाडौं, ९ मङ्सिर/रासस

लैङ्गिक हिंसाका घटनामध्ये ८० प्रतिशत घरेलु हिंसाका घटना हुने गरेको पाइएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार घरेलु हिंसाभित्र पनि शारीरिक हिंसा ५३ प्रतिशत छ भने मानसिक हिंसाका घटना ४७ प्रतिशत रहेको छ ।

आजबाट शुरू भएको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा प्रहरीले सार्वजनिक गरेको तथ्याङ्क अनुसार प्रहरीमा दर्ता भएका मुद्दालाई विश्लेषण गर्दा ८९ प्रतिशत चिनजानका मानिसबाटै महिला तथा बालबालिका हिंसामा पर्ने गरेका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयका प्रहरी वरिष्ठ उपरीक्षक डा मनोजकुमार केसीले चिनाजानबाटै हिंसामा पर्नु दु:खद कुरा भएकाले यसलाई रोक्न समुदायको सक्रिय सहभागिताको खाँचो रहेको औंल्याए ।

विवरण अनुसार घरेलु हिंसाभित्र पति–पत्नीबीच हुने घरेलु हिंसाका घटना मात्रै ६७ प्रतिशत छ । पछिल्लो एक वर्षमा प्रहरीमा १६ हजार ५१९ घरेलु हिंसा र अन्य लैङ्गिक हिंसा चार हजार ३९४ वटा दर्ता भएका छन् ।

उमेर समूहका हिसाबले पीडित भएकामध्ये ६३ प्रतिशत बालिका (११ देखि १६ वर्ष)का छन् । पीडक भने १० वर्षदेखि २५ वर्षका मात्रै झन्डै ३८ प्रतिशत छन् । डर, धाक, धक्की देखाएर ५० प्रतिशत हिंसा भएको र चकलेट खुवाएर ३५ प्रतिशत तथा विवाह गर्ने लोभ देखाएर १४ प्रतिशत हिंसाका घटना भएका छन्।

निर्देशनालयकी प्रहरी उपरीक्षक रञ्जु सिग्देलले ८९ प्रतिशत चिनजानका मानिसबाटै हिंसा भएको तथ्यले देखाएको बताइन्। त्यसमा पनि १२ प्रतिशत आफ्नै परिवारका, झन्डै २३ प्रतिशत छिमेकी, शून्य दशमलव ४६ प्रतिशत शिक्षकले हिंसा गरेका घटना दर्ता भएका छन् । केटा साथीबाट पाँच प्रतिशत हिंसाका घटना भएका छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# युरोपमा वायु प्रदूषणको अवस्था धेरै उच्च

कोपनहेगन, ९ मङ्सिर/सिन्हवा

हाल युरोपमा सबैभन्दा महत्वपूर्ण वातावरणीय स्वास्थ्य जोखिम वायु प्रदूषणको रहेको युरोपेली सङ्घ (इयू) वातावरणसम्बन्धी निकायले शुक्रवार प्रकाशित एक रिपोर्टमा जनाएको छ।

“सन् २०२१ मा वायु प्रदूषक सान्द्रता विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)द्वारा यसको वायुको शुद्धतासम्बन्धी दिशानिर्देशमा सिफारिश गरिएको स्तरभन्दा बढी रहेको छ,” युरोपेली वातावरण निकाय (इइए)ले भनेको छ, “यी दिशानिर्देश स्तरहरूमा वायु प्रदूषण कम गरिएमा इयू सदस्य राष्ट्रहरूमा उल्लेखनीय सङ्ख्यामा हुने मृत्युहरू रोक्न सकिन्छ।”

सन् २०२१ मा युरोपेली सङ्घमा तीन लाख २० हजारभन्दा बढीको मृत्यु तीन मुख्य वायु प्रदूषक सूक्ष्म कण (फाइन पार्टिकुलेट म्याटर, ओजोन र नाइट्रोजन डाइअक्साइड)सँग सम्बन्धित रहेको प्रतिवेदनमा उल्लेख छ।

डब्ल्युएचओको सिफारिश अनुसार फाइन पार्टिकुलेट म्याटर (पिएम) २.५ को सान्द्रता भएको भए इयुमा करीब दुई लाख ५३ हजार मानिसको मृत्यु हुनबाट जोगिन सकिन्थ्यो। यसैबीच, नाइट्रोजन डाइअक्साइडबाट हुने प्रदूषणका कारण ५२ हजारजनाको मृत्यु भएको थियो भने अल्पकालीन ओजोनको उपस्थितिको जोखिमका कारण २२ हजारजनाको मृत्यु भएको थियो।



वायु प्रदूषणले ग्रस्त बुल्गेरियाको राजधानी शहर सोफिया। तस्वीरः एजेन्सी

इयुबाहिरका युरोपेली देशहरूको ठूलो समूहलाई समावेश गर्दा युरोपभरि प्रदूषक सम्बन्धित मृत्युको सङ्ख्या तीन लाख ८९ हजार पुगेको रिपोर्टमा उल्लेख गरिएको छ।

मानव वायु प्रदूषणको सम्पर्कमा आउँदा फोक्सोको क्यान्सर, मुटुरोग, दम र मधुमेहजस्ता केही रोगहरूको जोखिम बढ्ने इइएको अध्ययन रिपोर्टमा उल्लेख गरिएको छ। रासस

# पुरुषहरूलाई घरेलु हिंसाविरुद्ध कदम चाल्न आग्रह

क्यानबेरा, ९ मङ्सिर/सिन्हवा

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले महिला र बालबालिकाविरुद्ध हुने हिंसा अन्त्य गर्न अस्ट्रेलियाली पुरुषहरूलाई आह्वान गरेका छन्।

शनिवार महिलाविरुद्धको हिंसा उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा जारी गरिएको विज्ञप्तिमा अल्बानीजले अस्ट्रेलियाको घरेलु हिंसा न्यूनीकरण गर्न तत्काल कदम चाल्न आवश्यक रहेको बताएका छन्।

अस्ट्रेलियन इन्स्टिच्युट अफ क्रिमिनोलजीको नेशनल होमिसाइड मोनिटरिङ प्रोग्राम (एनएचएमपी)का अनुसार अस्ट्रेलियामा हत्याको शिकार हुने वयस्क महिलामध्ये ६० प्रतिशतको हत्या हालको वा पूर्व घनिष्ठ साथीबाट हुने गरेको पाइएको छ।

सन् २०२०–२१ मा अस्ट्रेलियामा हरेक १४ दिनमा एकजना महिलाको हत्या हालको वा भूतपूर्व निकट साथीद्वारा हुने गरेको देखिन्छ। “असमानता र भेदभावलाई उत्प्रेरित गर्ने र महिलाहरूलाई आपत्तिजनक बनाउने र सहमतिलाई बेवास्ता गर्ने दृष्टिकोणलाई परिवर्तन गर्नु सबैको जिम्मेवारी हो,” अल्बानीज भने।

विशेषगरी पुरुषहरू माथि उठनुपर्छ। पुरुष नेताहरूसँग परिवर्तनलाई स्वीकार गर्ने र हिंसा, दुर्व्यवहार, भेदभाव र उत्पीडनलाई रोक्ने अवस्था सिर्जना गर्ने अवसर छ,” उनले भने।

सरकारले शनिवार आत्मीय साझेदार हत्याका बारेमा त्रैमासिक अद्यावधिक तथ्याङ्क उपलब्ध गराउन नयाँ प्रणाली स्थापना गर्ने प्रतिबद्धता जनाएको छ। हाल सो कार्यक्रमबाट वार्षिक आधारमा तथ्याङ्क उपलब्ध भए तापनि महिलाविरुद्ध हिंसा अन्त्य गर्न अधिकारीहरूले यसलाई सहीरूपमा मापन गर्न सक्षम हुनुपर्ने उनको धारणा छ।

विज्ञप्तिमा भनिएको छ– महिलामन्त्री केटी गालाघर र सामाजिक सेवा मन्त्री अमान्डा रिसवर्थले नयाँ प्रणालीले कानून प्रवर्तन, नीति निर्माताहरूलाई सक्रिय पार्दै घरेलु र यौन हिंसा रोक्न सक्षम बनाउँछ। हिंसा अन्त्य गर्न र महिलाको सुरक्षा सुनिश्चित गर्ने हाम्रो प्रयासमा हामीलाई सहयोग गर्नको लागि मिति र सही तथ्याङ्क महत्त्वपूर्ण छ,” गालाघरले भनिन्।

सरकारले सन् २०२२–२०३२ सम्ममा महिला तथा बालबालिकाविरुद्धको हिंसा अन्त्य गर्ने राष्ट्रिय योजनामा मे महीनासम्म २.२८ बिलियन अस्ट्रेलियाली डलर (१.५ बिलियन अमेरिकी डलर) लगानी गरेको थियो। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – अलमल |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – उदरपीडा |
| कुम्भ – मित्रमिलन | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# गाजाबाट १२ थाई बन्धक रिहा

बैंकक, ९ मङ्सिर/सिन्हवा

गाजापट्टीमा बन्धक बनाइएका १२ जना थाई नागरिकलाई रिहा गरिएको थाई प्रधानमन्त्री श्रेथा थाभिसिनले शुक्रवार बताएका छन्।

थाई दूतावासका अधिकारी रिहा गरिएका बन्धकहरूलाई लिनको लागि बाटोमा रहेको प्रधानमन्त्री थाभिसिनले सामाजिक सञ्जाल पोस्टमार्फत उल्लेख गरेका छन्।

बन्धकहरू इजरायल प्रवेश गरेका छन् तथा हाल हाल्जेरिम एयर फोर्स बेसमा प्रशोधन केन्द्रमा लगिएको थाई विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत भन्यो।

रिहा गरिएका बन्धकहरूलाई उनीहरूको मेडिकल सुविधामा आइपुगेपछि सहयोग गरिनेछ, जहाँ उनीहरूलाई ४८ घण्टाको मेडिकल सुपरिवेक्षणमा राखिनेछ र बाहिरका मानिसहरूको पहुँच हुनेछैन, विज्ञप्तिमा भनिएको छ।

हमास र इजरायलले यस हप्ताको शुरूमा गाजापट्टीमा चार दिनको युद्धविराममा सहमति जनाएका थिए। सम्झौता अन्तर्गत हमासले इजरायलमा बन्दी रहेका १५० प्यालेस्टिनी बन्दीहरूको बदलामा गाजाबाट कम्तीमा ५० जना बन्धकलाई रिहा गर्नेछ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# मधेसका ४३ प्रतिशत किसान परिवारलाई खाना अपुग

जनकपुरधाम, ९ मङ्सिर/रासस

अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशमा कृषिकर्म गर्नेमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको छ। राष्ट्रिय कृषि गणना–२०७८ अनुसार मधेसमा सात लाख ३८ हजार ३४० कृषक परिवारमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नै उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको हो।

नेपालको कुल जनसङ्ख्यामध्ये ६१ लाख १४ हजार छ सय जनसङ्ख्या अर्थात् ११ लाख ५६ हजार ७१५ परिवार बसोबास गर्ने यस प्रदेशमा सात लाख ३८ हजार ३४० अर्थात् ६३ दशमलव आठ प्रतिशत परिवार कृषक रहेका तथ्याङ्कमा उल्लेख गरिएको छ।

प्रदेशका आठ जिल्लामा छरिएर रहेका ती कृषक परिवारले चार लाख ९२ हजार ४९७ हेक्टरमा कृषिकार्य गर्ने गरेकामा ५७ प्रतिशतलाई मात्रै आफ्नै कृषि उत्पादनले वर्षैभरि खान पुग्ने गरेको कृषि गणना २०७८ मा उल्लेख गरिएको छ।

तथ्याङ्कले अधिकांश कृषक परिवारले जीवन निर्वाहका लागि मात्रै कृषिकर्म गर्ने गरेको देखाएको छ। जस अनुसार कृषि उत्पादनको हिस्सामध्ये एक दशमलव आठ प्रतिशत मात्रै बिक्री गर्ने गरिएको र त्यसबाहेक ६२ दशमलव दुई प्रतिशत सबै घरायसी, ३० प्रतिशत मुख्य घरायसी र केही बिक्री तथा पाँच दशमलव छ प्रतिशत मुख्य बिक्री र केही घरायसी प्रयोग गर्ने गरिएको छ। मधेस प्रदेशमा अहिले पनि आम्दानीको मुख्य स्रोत कृषिकार्य हो भनी बताउने कृषकको प्रतिशत ६४ दशमलव तीन छ।

कृषक परिवार अन्तर्गत मधेसमा जम्मा कित्ता सङ्ख्या २१ लाख ७४ हजार ७९८ र प्रतिकृषक परिवार कित्ता सङ्ख्या २.९ देखाएको छ। यहाँ सबैभन्दा बढी तीन लाख ८४ हजार ५५३ हेक्टरमा धानबाली र दुई लाख ४७ हजार ६०९ हेक्टरमा गहुँ र ३३ हजार ७१९ हेक्टरमा मकै रहेको छ। यहाँ एक बाली सकिनासाथ अर्को बाली लगाउने अर्थात् बाली सघनता एक दशमलव ८७, स्थायी बालीका रूपमा रहेका आँप, केरा र कागती क्रमशः १५ हजार ४३३, एक हजार १८३ र १३७ हेक्टर छन्।

कृषि गणनाको विवरण अनुसार कृषि कार्यका लागि उपकरण प्रयोग गर्ने किसानको सङ्ख्यामध्ये ट्याक्टर ६४ दशमलव सात, फलामे हलो २० दशमलव आठ र पावरटिलर चार दशमलव सात प्रतिशत छ। त्यस्तै, प्रदेशमा १६ दशमलव दुई प्रतिशत कृषक परिवारले कृषि प्रयोजनका लागि ऋण लिएका, एक दशमलव दुई प्रतिशतले मात्रै कृषि बीमा गरेका र तीन दशमलव सात प्रतिशतले सरकारी अनुदान पाएका छन्।

यहाँ मुख्य कृषकमा ८५ दशमलव आठ प्रतिशत पुरुष र १४ दशमलव दुई प्रतिशत महिला रहेका छन् भने कृषक परिवारमध्ये ३० दशमलव एक प्रतिशतले कृषि कार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गर्ने गरेका छन्।

त्यस्तै, मधेसमा गाईगोरुको सङ्ख्या करीब तीन लाख ८० हजार, राँगाभैँसीको सङ्ख्या करीब पाँच लाख २९ हजार, बाखा, खसी, बोका, च्याङ्ग्राको सङ्ख्या करीब १४ लाख ४८ हजार तथा कुखुराको सङ्ख्या करीब २४ लाख ६१ हजार रहेको पनि तथ्याङ्कले देखाएको छ।

**के भन्छन् सरोकारवाला ?**

‘कृषि गणनाको सार, कृषि योजनाको पूर्वाधार’ नारासहित गरिएको राष्ट्रिय कृषि गणना २०७८ को नतीजाले अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशकै अवस्था चिन्ताजनक देखाएको छ।

प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले सिंचाइ पूर्वाधार, समयमा मल नपाइनु, अनुदानको न्यायोजित वितरण नहुनुलगायत कारणले वास्तविक कृषकलाई जीवन निर्वाह गर्नसमेत समस्या भइरहेको बताए।

मन्त्री न्यौपानेले मधेसमा सिंचाइको पर्याप्त सम्भावना भएपनि कृषि क्षेत्र र मधेस सधैं उपेक्षामा परेका कारण यहाँका कृषकले लाभ लिन नसकेको बताए। त्यसलाई मध्यनजर गरी प्रदेश सरकारले कृषिसम्बन्धी ऐन निर्माण गरी कृषि क्षेत्रको व्यवसायीकरण र नागरिकको आकर्षण बढाउने गरी काम गर्ने योजना बनाएको उनको भनाइ थियो।

तथ्याङ्कमा मधेस प्रदेशमा कुल सिञ्चित क्षेत्र ७४ प्रतिशत र सिंचाइ सुविधा लिएका परिवारको सङ्ख्या ८३ प्रतिशत रहेको भनिए पनि अहिले आकाशेपानी र ट्युबवेल, पम्पसेटको सहारामा परम्परागत शैलीको कृषि कर्म गर्नुपर्ने बाध्यता छ।

प्रदेशसभा सदस्य रामअशिष यादवले समयमा र पर्याप्त पानी नपरेका कारण यही वर्ष मधेसका किसानले भोगेका समस्याबारे कोही अनभिज्ञ नरहेको भन्दै युगान्तकारी परिवर्तन गर्ने सिंचाइ पूर्वाधार नबनाए मधेस मरुभूमि बन्ने खतरा रहेको बताए।

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले कृषिप्रधान मुलुक भने पनि त्यसबाट लाभ लिने गरी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था तथा रणनीतिक उपयोग गर्न नसक्दा समस्या भइरहेको बताए।

मण्डलले कृषिबाट लाभ लिनका लागि अन्य देशले कृत्रिम नदी निर्माण गरिरहेका सन्दर्भ उल्लेख गर्दै नेपालले पनि अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशमा चुरेको फेदमा कोशीदेखि नारायणीसम्म कृत्रिम नदी निर्माण गर्न समयमै सोच्नुपर्ने सुझाव दिए।

मधेस प्रदेशसभा प्राकृतिक स्रोत तथा वातावरण समितिका सभापति शारदा दास (पहाडी)ले कृषिमा आधुनिकीकरण र व्यवसायीकरणका माध्यमबाट किसानलाई आकर्षण गर्नुपर्नेमा जोड दिए। “कृषिमा आधारित उद्योगको प्रवर्द्धन, कृषकलाई प्रोत्साहन र सिंचाइलगायत पूर्वाधारको विकास गर्ने ठोस नीति नलिएमा आगामी केही वर्षमा अधिकांश जमीन बाँझो र खण्डहर हुने अवस्था आउन सक्छ। त्यसैले सबै तहका सरकार यसमा गम्भीर बन्न जरुरी छ,” उनले भने।

# ‘चिकित्सा शिक्षा अध्यापनमा सहजीकरण गर्नुपर्छ’

काठमाडौं, ९ मङ्सिर/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले देशभित्रै चिकित्सा शिक्षा अध्ययन अध्यापनका लागि तत्काल सहजीकरण गर्नुपर्ने बताएका छन्। शनिवार कार्यक्रममा उनले चिकित्सा शिक्षा अध्ययनका लागि सहजीकरण गर्न नसके आगामी समयमा देशमा स्वास्थ्य जनशक्तिको अभाव हुन सक्ने बताए।

मन्त्री बस्नेतले चिकित्सा अध्ययनका लागि एक सयदेखि तीन सयसम्म शय्याका अस्पताललाई प्यारामेडिक्स र नर्सिङ र तीन सय बढी शय्याका अस्पतालमा मेडिकल अधिकृत पठनपाठनको अनुमति दिन चिकित्सा शिक्षा आयोगलाई मन्त्रालयले गरेको प्रस्ताव स्मरणसमेत गराए।

“यही अवस्था हो भने पाँच वर्षपछि चिकित्सक र नर्स पाइँदैन,” मन्त्री बस्नेतले भने, “स्वास्थ्य क्षेत्रमा रहेको भाँडभैलोलाई हामीले प्रस्ताव राखेको कुरालाई कानून अनुसार कारबाही हुन सके सातै प्रदेशमा थोरै जनशक्ति थपेर मेडिकल कलेज खोल्न सकिन्छ।” उनले चिकित्सक एवं स्वास्थ्यकर्मीले उमेरका कारण सेवाबाट अवकाश लिएपछि पनि आफ्नो ज्ञान र अनुभव बाढ्ने अभ्यास जारी राख्न सुझाव दिए।

“नेताहरू कहिल्यै रिटायर्ड भएनन्, ९२ वर्ष उमेरका पनि प्रधानमन्त्री हुनुभयो। तर तपाईंहरू किन रिटायर्ड हुने ?” मन्त्री बस्नेतले चिकित्सकतर्फ लक्षित गर्दै भने। उनले ट्रमा सेन्टरलाई आवश्यक स्वास्थ्य उपकरण उपलब्ध गराउनेसमेत प्रतिबद्धता व्यक्त गरे।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का उपकुलपति प्राडा भुपेन्द्रकुमार बस्नेतले दक्ष जनशक्तिको उत्पादन, भरपर्दो, विश्वासनीय, गुणस्तरीय साथै विज्ञेषज्ञ सेवा प्रवाह गर्न सुझाव दिए। मन्त्रालयले स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादनका लागि नर्सिङ पारामेडिकल र एमबिबिएस शैक्षिक कार्यक्रम सञ्चालनका लागि राखेको प्रस्तावप्रति उनले आभार प्रकट गरे।

सेन्टरका निर्देशक डा बद्री रिजालले ट्रमा उपचार केन्द्रसँग समन्वय र सहकार्य गर्नेगरी सेन्टरलाई ट्रमासम्बन्धी उपचार एवं अध्ययन अनुसन्धानका लागि ‘सेन्टर अफ एक्सिलेन्स’का रूपमा विकास गर्न मन्त्रीको ध्यानाकर्षण गराए।

“जनसङ्ख्या वृद्धि, प्राकृतिक प्रकोपमा बढोत्तरी, विपत्ति आदि कारणले हुने दुर्घटनाजन्य बिरामीको चापमा हुने वृद्धिका कारण यस सेन्टरको क्षमता विस्तार गर्दै नयाँ प्रविधिसहित सेवा प्रवाह गर्न सम्बन्धित निकायले विशेष ध्यान दिन जरुरी रहेको छ,” डा रिजालले भने, “नेपाल सरकारको पछिल्लो नीति अनुसार प्राथमिक ट्रमा उपचार केन्द्रसहित देशैभर विभिन्न स्थानमा ट्रमा सेन्टर तत्काल स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ।”

सेन्टरबाट आर्थिक वर्ष २०७९/८० मा एक लाख ४२७ जनाले स्वास्थ्योपचार सेवा लिएका छन्। बहिरङ्ग सेवा लिने बिरामीको सङ्ख्या ८२ हजार ९७८ जना र आकस्मिक सेवा लिने १७ हजार ४४९ जना रहेका छन्। यस्तै, सेन्टरको मृत्युदर गत आवमा एक दशमलव ९३ रहेको छ। अधिकांश बिरामी बागमती, मधेस, कोशी र गण्डकी प्रदेशका रहेका छन्।

## जूनतारा महिला सहकारीको साधारणसभा

प्रस, बिरुवागुठी, ९ मङ्सिर/

पर्सागढी नगरपालिका–३ स्थित जूनतारा महिला बचत तथा ऋण सहकारी संस्थाले शनिवार १४औं साधारणसभा सम्पन्न गरेको छ।

संस्थाकी अध्यक्ष मञ्जुदेवी क्षेत्रीको अध्यक्षतामा भएको साधारणसभाको उद्घाटन प्रदेशसभा सदस्य श्याम पटेलले गरेका थिए। कार्यक्रममा उनले देश आर्थिक सङ्कटबाट गुज्रिरहेको अवस्थामा जूनतारा महिला सहकारीले उत्कृष्ट कार्य गरेको दाबी गरे। सहकारी चलाउने महिलाले देश चलाउन सक्ने भन्दै महिलाहरूबाट सञ्चालित सहकारीले ग्रामीण क्षेत्रमा गरेको कार्यको प्रशंसा पनि गरे। पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले जूनतारा सहकारी महिलाहरूको विश्वासका कारण उत्कृष्ट भएको बताए। उनले अहिले सहकारी र लघुवित्त संस्थाहरूमाथि विभिन्न बहानामा आक्रमण भइरहेकामा त्यस्ता तत्त्वहरूबाट बचेर काम गर्न सुझाए। उनले राम्रो गर्ने सहकारीहरूलाई नगरपालिकाको साथ र सहयोग रहने बताए। कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी सङ्घका सदस्य गिरिराज कँडेल, स्थानीय समाजसेवी अरुणप्रकाश रेग्मीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

संस्थाकी प्रबन्धक उर्मिला कार्कीले आयव्यय, लेखा संयोजक मीना क्षेत्रीले आर्थिक प्रतिवेदन र सदस्य पार्वती रेग्मीले ऋण प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा स्वागत सदस्य हीरा अर्यालले र सहजीकरण टुका आचार्यले गरेका थिए।

# विभिन्न ठाउँमा स्वास्थ्य शिविर सम्पन्न

प्रस, वीरगंज, ९ मङ्सिर/

वीरगंज महानगरपालिका–१०




घडीअर्वा पोखरीमा शनिवार लायन्स क्लब अफ वीरगंज क्युरेटिभ तथा किरण आँखा अस्पतालको आयोजनामा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

नागरिकहरूमा मधुमेह, रक्तचाप तथा आँखासम्बन्धी रोगको समस्या बढी देखिएकाले शिविर आयोजना गरिएकोमा डेढ सयजनाले सेवा लिएको क्लबका संरक्षक डा रामअवतार खेतानले बताए।

नारायणी अस्पतालका डा नीरज सिंहले घरबाट टाढा जाँच गराउनुपर्ने बाध्यता तथा महँगो शुल्क तिर्न नसकेका ज्येष्ठ नागरिकहरूका लागि निश्शुल्क शिविरको आयोजनाले धेरै सहयोग पुग्ने बताए। सेवामुखी भावनाले आयोजना गरिएको शिविरलाई क्लबले निरन्तरता दिने उनले बताए।

महँगो शुल्क तिर्न नसकेर मधुमेहको चेकजाँच नै नगराएका नागरिकहरूले निश्शुल्क जाँच गराउन पाउँदा खुशी लागेको र यस्ता कार्यक्रमले निरन्तरता पाए कुनै पनि नागरिक स्वास्थ्य सेवाबाट वञ्चित नहुने नन्दु साह कानूले बताए।

शिविरमा डा सुमन प्रसाद, डा अभिषेक अर्याल, डा राधा भट्टराई, डा इजहारले चेकजाँच गरेका थिए भने टेक्निसियन रवि श्रीवास्तव, बृजेश कुमार, श्याम साहले प्राविधिक सहयोग गरेका थिए।

त्यसैगरी, दृष्टि आँखा अस्पतालको प्राविधिक सहयोगमा थारू सेवा सदनको आयोजनामा शनिवार पटेर्वासुगौली गाउँपालिका–२ बेल्वामा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

शिविरमा ५५ जनाको नाक, कान र घाँटी तथा ११८ जनाको आँखा परीक्षण गरिएको दृष्टि आँखा अस्पतालका अध्यक्ष



विश्वराज गौतमले बताए। शिविरमा स्वास्थ्य परीक्षणपछि बिरामीहरूलाई निश्शुल्क औषधि वितरण गरिएको उनले बताए। कार्यक्रममा दृष्टि विशेषज्ञ मुकेश यादव, स्मृति चौधरी, संस्थाका सचिव रैफु शाहलगायतको सहभागिता थियो।

यसैगरी, बाराको विश्रामपुर गाउँपालिकाको वडा नं ५ इटियाहीमा निश्शुल्क आँखा एवं दन्त परीक्षण शिविर सम्पन्न भएको छ। बारा डिस्टिलरीका सञ्चालक अजय प्रजापतिको पहलमा सामुदायिक प्रहरी सेवा केन्द्र छपकैया र वीरगंज सामुदायिक आँखा अस्पतालको आयोजनामा सम्पन्न शिविरमा चार सयजनाको आँखा परीक्षण भएको आँखा अस्पतालका नेत्र अधिकृत महेशसिंह धामीले बताए। शिविरमा १५० जनाको दन्त परीक्षण पनि भएको धामीले बताए। आँखा परीक्षण गरिएकामा १२५ जनामा मोतीबिन्दु फेला परेको थियो।

शिविरको उद्घाटन मधेस प्रदेशका पूर्व खानेपानी तथा ऊर्जामन्त्री ओमप्रकाश शर्माले गरेका थिए भने कार्यक्रममा विश्रामपुर गापाका अध्यक्ष जुबैर अन्सारी, पत्रकार ओमप्रकाश खनालगायतको सहभागिता थियो।

मोतीबिन्दु फेला परेकाहरूको बारा डिस्टिलरीका सञ्चालक प्रजापतिले निश्शुल्क प्याथोलोजी चेकजाँचसहित निश्शुल्क शल्यक्रिया गराउने नेत्र अधिकृत धामीले बताए।


## महिला हिंसा रोकौँ: असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारको मानसिक र शारीरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिलामाथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, तेजाब आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबरजस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपिट, मानसिक यातना, धम्क्याउने, जिस्काउने जस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरू नजीकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाइ, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्छ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

महिला हिंसाविरुद्धको अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





## महाकवि विद्यापतिको जन्मोत्सव

प्रस, रौतहट, ९ मङ्सिर/

मैथिली भाषाका महाकवि विद्यापतिको जन्मोत्सव शनिवार गौर नगरपालिका–३ मा मनाइएको छ। कार्यक्रमका प्रमुख अतिथि गौर नगरपालिकाका प्रमुख शम्भु साहले धर्मको नाममा राजनीति नगर्न आग्रह गरे।

विद्यापति को हुन् भन्ने आफूलाई थाहा नभएको बताउँदै उनले कहिलेकाहीं विद्यापतिनगरमा आउँदा सालिक मात्र हेरेको बताए। उनले सबैको चाहना भए सालिकनजीक शनिदेवको स्थापना गर्ने बताए।

उनले विद्यापतिको नाममा सङ्ग्रहालय बनाउने घोषणा पनि गरे। सङ्ग्रहालयका लागि सबै एकजुट हुन आह्वान पनि उनले गरे।

कार्यक्रममा पूर्वप्रधानाध्यापक गौरीकान्त मिश्रले विद्यापतिको चरित्र तथा आचरणको वर्णन गरेका थिए। त्यस्तै, पूर्वप्रधानाध्यापक श्रीनारायण मिश्रले विद्यापतिको श्लोक वाचन गरेर सुनाएका थिए। वाचस्पतिनगरका सुधीर ठाकुरले विद्यापतिको स्मरण गर्न मनमस्तिष्कमा याद गर्नुपर्ने श्लोक प्रस्तुत गरेका थिए। सोही क्रममा नगरप्रमुख साह र पूर्वप्रअ मिश्रलाई दोसल्ला ओढाइ सम्मान गरिएको थियो।

विश्वम्भर मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काङ्ग्रेसका नेता देवचन्द्र मिश्रले विद्यापति र भोले बाबाको कथा सुनाएका थिए। विद्यापतिको जन्म ईस्वी संवत् १३५२ मा भएको थियो भने उनको देहान्त ईस्वी संवत् १४४८ मा भएको थियो। उनको जन्म भारतको मधुवनी जिल्लामा भएको थियो। सो बखत मधुवनी जिल्लामा मुस्लिम साम्राज्य थियो।

*प्रस, वीरगंज/*

यसैगरी, मैथिली भाषाका महाकवि विद्यापतिको स्मृति दिवस शनिवार वीरगंजमा पनि मनाइएको छ। विद्यापतिको देहावसान भएको कार्तिक त्रयोदशीको दिन विद्यापति स्मृति दिवस मैथिलीभाषीहरूले आयोजना गर्दै आएका छन्। वीरगंज महानगरपालिका–१६ रजतजयन्ती पार्कस्थित महाकवि विद्यापतिको प्रतिमामा माल्यार्पण तथा स्मृति कवि गोष्ठीको आयोजना गरी मनाइएको हो।

मैथिली कवि तथा नापी कार्यालय, पर्साका प्रमुख राकेशकुमार झाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नारायणी वाङ्मय प्रतिष्ठानका अध्यक्ष डा विश्वम्भर शर्मा, मैथिली साहित्य परिषद्, वीरगंजका अध्यक्ष महेश दास, अमृत चिन्तन प्रतिष्ठानका अध्यक्ष भगवान मिश्र, कवि सतीशचन्द्र सजल, परिषद्का उपाध्यक्ष कालीकुमार कर्ण, सचिव शोभाकान्त झालगायतले महाकवि विद्यापतिको जीवन र मैथिली भाषामा उनको रचना तथा योगदानबारे मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रम मैथिली साहित्य परिषद् र अमृत चिन्तन प्रतिष्ठानको संयुक्त आयोजनामा भएको थियो। मैथिली साहित्य र भाषाको उत्थानको लागि हरेक महीनाको पहिलो शनिवार चित्रगुप्त मन्दिरमा मैथिली कवि तथा साहित्य गोष्ठी गरिने सचिव शोभाकान्त झाले बताए।

# खेलकूदको संसार

## अध्यक्ष क्रिकेट कपको उपाधि वडा नं ५ लाई

प्रस, सेढवा, ९ मङ्सिर/

पर्साको जगरनाथपुर गाउँपालिकामा जारी दोस्रो अध्यक्ष क्रिकेट कप प्रतियोगिताको उपाधि वडा नं ५ ले जितेको छ। मसिहानीस्थित खेलमैदानमा सम्पन्न फाइनल खेलमा वडा नं ५ ले तीन विकेटअन्तरले जीत निकाल्दै प्रतियोगिताको उपाधि जितेको हो। वडा नं ६ लाई पराजित गर्दै वडा नं ५ विजयी भएको हो। विजेता भएसँगै वडा नं ५ ले ६० हजार नगद प्राप्त



खेल अवधिमा विवाद भएपछि खेलमैदान जम्मा भएका दर्शकहरू। तस्वीर: प्रतीक

गरेको छ। निर्धारित २० ओभरको खेलमा पहिले ब्याटिङ गर्दै वडा नं ६ ले १८ ओभरमा सबै विकेट गुमाउँदै ७९ रन बनाएको थियो। ८० रनको लक्ष्य लिई ब्याटिङ गरेको वडा नं ५ ले ११ बल बाँकी रहँदै ७७ रन जोडेको थियो। खेलको १९औं ओभरको पहिलो बलमा रन आउट माग गरिएकोमा अम्पायरले नदिंदा वडा नं ६ का खेलाडीहरूले खेलमैदान छोडेका थिए।

वडा नं ५ ले सात विकेटको क्षतिमा ७७ रन बनाइसकेको र विपक्षी टीमले मैदान बहिष्कार गरी अनुशासनहीन काम गरेको भन्दै आयोजकको निर्णायक टोलीले वडा नं ५ को टीमलाई विजेता घोषित गरेको थियो। विजेतालाई ट्रफी र नगद हस्तान्तरण गरिएको थियो। गाउँपालिका अध्यक्ष श्रीकान्त यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली काङ्ग्रेस पर्साका सभापति एवं प्रदेश सांसद जनार्दनसिंह क्षत्रीले विजेता टीमलाई पुरस्कार वितरण गरेका थिए।

## राष्ट्रिय महिला फूटबलको उपाधि धनगढीलाई

भरतपुर (चितवन), ९ मङ्सिर/रासस

अल स्टार स्पोर्ट्‌र्स एकेडेमी धनगढीले लेडी जेसिज कप राष्ट्रिय महिला फूटबलको उपाधि जितेको छ। शनिवार सम्पन्न फाइनलमा रौतहट महिला फूटबल एकेडेमीलाई १–० ले हराउँदै धनगढी च्याम्पियन बन्यो।

नेपाल प्रहरी शिक्षालय (भरतपुर तालीम केन्द्र)मा भएको खेलमा धनगढीलाई विजयी गराउन बिर्सना चौधरीले निर्णायक गोल गरिन्। उनले पहिलो हाफमा गरेको गोल नै धनगढीलाई जिताउन पर्याप्त भयो। बिर्सना नै 'प्लेयर अफ दी म्याच' बनिन्। उनले रु पाँच हजार प्राप्त गरिन्। च्याम्पियन बनेको धनगढीले ट्रफीसहित रु दुई लाख प्राप्त गरेको छ। उपविजेतामा सीमित रौतहटले रु एक लाखमा चित्त बुझाएको छ। च्याम्पियन टीमकी कप्तान निरू थापा 'प्लेयर अफ दी टुर्नामेन्ट' बनिन्। उनले ट्रफीसहित रु २० हजार प्राप्त गरिन्।

धनगढीकी उषा नाथ प्रतियोगिताभरको उत्कृष्ट गोलकीपर, रौतहटकी समीक्षा घिमिरे उत्कृष्ट डिफेन्डर, रौतहटकै इशा रानामगर उत्कृष्ट मिडफिल्डर र धनगढीकी ममता पुनमगर उत्कृष्ट फर्वाड घोषित भए। यस्तै, धनगढीका सुरज तामाङ उत्कृष्ट प्रशिक्षक बने। उनीहरूले जनही रु १०/१० हजार प्राप्त गरे। नारायणगढ लेडी जेसिजको आयोजना तथा चितवन जिल्ला फूटबल सङ्घको प्राविधिक सहयोगमा सम्पन्न प्रतियोगितामा आठ टोली सहभागी थिए।

## क्रसकन्ट्री दौडमा नेपाली टोली च्याम्पियन

कास्की, ९ मङ्सिर/रासस

पोखरामा शनिवार सम्पन्न नेपाल–पोखरा अन्तर्राष्ट्रिय क्रसकन्ट्री दौड प्रतियोगितामा नेपाली टोली च्याम्पियन बनेको छ। चिनियाँ दूतावास, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा भएको प्रतियोगितामा टीम इभेन्टको ४० किलोमिटरको प्रतिस्पर्धामा नेपाली टोलीका सुमन कुलुङ, इन्द्रकला नेम्वाङ र रमेश लिम्बूको टोली च्याम्पियन बन्दै नगद रु तीन लाख ६० हजार पुरस्कार पायो।

यसैगरी, नेपालकै श्रेवी महर्जन, मुहेश थारू र वसन्त थारूको टोली द्वितीय भयो। उपविजेता टोलीले रु दुई लाख ८८ हजार पुरस्कार पायो। श्रीकास राई, तिलक सुनुवार र केशरी थापामगर (नेपाली सेना)को टोली तृतीय हुँदै रु दुई लाख १६ हजार पुरस्कार पाएको प्रतियोगिताका खेलाडी दर्ता एवं पुरस्कार संयोजक गोकर्ण कार्कीले जानकारी दिए।

चिनियाँ टोली भने चौथो स्थानमा रहन सफल भयो। लिन सिआक्जी, याङ चुन्हेङ र होउ क्विङ टोली चौथो स्थानमा रहँदै रु एक लाख ४४ हजार पुरस्कार प्राप्त गरेको छ।

यसैगरी, ३८ किलोमिटरतर्फको एकल प्रतिस्पर्धामा नेपाली धावक होमलाल श्रीस च्याम्पियन बने। उनले रु एक लाख ४४ हजार पुरस्कार पाए। वेदबहादुर सुनुवार द्वितीय हुँदै रु एक लाख आठ हजार पुरस्कार पाए। तीर्थ तामाङ तृतीय र करण रावल चौथो भए। उनीहरूले क्रमशः रु ५४ हजार, रु १८ हजार पुरस्कार पाए।

क्रसकन्ट्री दौडको टीम इभेन्टमा नेपालका १० टोली, चीनका तीन टोलीले प्रतिस्पर्धा गरेका थिए। एकल प्रतिस्पर्धामा ७६ जनाले सहभागिता जनाएका थिए। अन्तर्राष्ट्रिय क्रसकन्ट्री दौडकै छात्र–छात्रा दौड विधामा कुमुदिनी होम्सका छात्र कृष्णबहादुर परियार प्रथम र छोरेपाटन माविकी छात्रा नारायणी भण्डारी प्रथम हुँदै जनही नगद रु २५ हजार पुरस्कार पाए। छात्रतर्फ कास्की मोडनाइज्डका तेन्जोन रोकामगर द्वितीय र बादल कार्की तृतीय हुँदै जनही रु २० हजार पुरस्कार पाए। छात्रातर्फको प्रतिस्पर्धामा मेघराज आधारभूत विद्यालयकी एन्जिला जिटी द्वितीय र तालबाराही माविकी गीता श्रेष्ठ तृतीय हुँदै रु १५ हजार पुरस्कार पाए।

अन्तर्राष्ट्रिय क्रसकन्ट्री दौडको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नेपालका लागि चिनियाँ राजदूत छन सङ, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलगायतले संयुक्तरूपमा उद्घाटन गरेका थिए। खेलकूदका माध्यमबाट दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउँदै पोखराको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको प्रतियोगिता संयोजक विश्वशङ्कर पालिखेले जानकारी दिए।